नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ९१ २०७९ साल कात्तिक १७ गते बिहीबार (3 Nov. 2022 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र :* २ पृष्ठमा : पाँच वर्षसम्म नपुगेको मुसहर. ३ पृष्ठमा : निर्वाचन प्रचारअन्तर्गत जुलुस, ... ३ पृष्ठमा छठ पूजाका क्रममा ...

## अपवाहको पछि नलाग्न कार्यकर्तालाई ठाकुरको आग्रह



**दैनिक समाचारदाता**
**राजविराज, १६ कातिक ।**

सप्तरी क्षेत्र नम्बर २ बाट वाम लोकतान्त्रिक गठबन्धनका प्रतिनिधि सभा सदस्य उम्मेदवार जयप्रकाश ठाकुरले विरोधी शक्तिहरु अहिले आफूलाई यादव विरोधी भनेर दुष्प्रचार गरिरहेको बताएका छन् ।

राजविराज नगरपालिका ३ मा बुधवार आयोजित वडा स्तरीय भेलालाई सम्बोधन गर्दै उनले यस्ता अपवाहको पछि नलाग्न कार्यकर्तालाई आग्रह गरे ।

मैले स्थापना गरेको युनिक मेडिकल कलेजमा सबै भन्दा पहिला सुनिता यादवकै नाम स्कलोरशिपमा परेको उदाहरण दिदै 'मेरो मेडिकल कोलेज र युनिक होस्पिटलमा करिव ६० प्रतिशत यादव कर्मचारी नै विभिन्न पोष्टमा काम गर्दै आएका छन् ।

राजविराजमा शिक्षा, स्वास्थ्य, कृषिको विकासका लागि आफु पछि नपर्ने बताउँदै मंसिर ४ गतेको चुनावमा बाम लोकतान्त्रिक गठबन्धनलाई जिताउनुपर्नेमा जोड दिए ।

यस्तै बाम लोकतान्त्रिक गठबन्धनकै सप्तरी क्षेत्र नं. २ प्रदेश सभा (ख) का उम्मेदवार उमेश यादवले हजारौं शहिदको बलिदानीबाट बनेको संबिधान र संघियाता जोगाउन बाम लोकतान्त्रिक गठबन्धनका उम्मेदवारहरुलाई जिताउनु पर्ने बताए ।

पाँच दलिय पार्टीको सबै कार्यकर्तालाई टोलटोलमा चुनाव प्रचारमा लाग्न आग्रह गर्दै मतपत्र बारे गाउँ घरका मतदातालाई जानकारी गराउनुपर्ने उनले बताए ।

राजविराजका पुर्व नगरप्रमुख शम्भु प्रसाद यादवले संघीयतालाई रक्षा गर्दै आफनो स्वाभिमानका लागि वाम लोकतान्त्रिक गठबन्धनलाई जिताउनुको विकल्प नरहेको धारणा राखे ।

काँग्रेसका नेता धुव्र प्रसाद देवले नगरिकता विधेयकलाई लागु गराउन वाम लोकतान्त्रिक गठबन्धनले चुनाव जित्नु आवश्यक रहेको बताए । अर्का नेपाली काँग्रेसका नेता इर्साद अंसारीले यही मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन सफल पार्नका लागि वडा वडामा यसको प्रचारप्रसार हुनुपर्नेमा जोड दिदै ठगीवादमा लागेका जसपालाई तह लगाउनका लागि वाम लोकतान्त्रिकका उम्मेदवारलाई जिताउनुको विकल्प नरहेको बताए ।

बुथ कमिटिका अध्यक्ष दुगाननद चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा राजविराज नगरपालिका वडा नं. ३ मा रहेको पाँच दलिय वाम लोकतान्त्रिक पार्टीका नेता तथा कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

## निर्वाचनको प्रचारमा सरकारी साधन प्रयोग गर्न रोक

काठमाडौँ, १६ कात्तिक (रासस) ।

नेपाल सरकार वा प्रदेश सरकारको मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारीले त्यसरी निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा सरकारी स्रोत र साधनको प्रयोग गर्न निर्वाचन (पहिलो संशोधन) आचारसंहिता, २०७९ ले रोक लगाएको छ ।

आगामी मङ्सिर ४ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय ढङ्गले सम्पन्न गराउन निर्वाचन आयोगबाट जारी आचारसंहिताको दफा ५ को खण्ड (क) ले नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले निर्वाचन प्रचारप्रसारका क्रममा पालना गर्नुपर्ने आचरणको व्यवस्था गरेको छ ।

संशोधित आचारसंहिता बमोजिम निर्वाचनमा आफै उम्मेदवार भएका मन्त्रीले आफू उम्मेदवार भएको क्षेत्रमा निर्वाचन प्रचारप्रसारमा संलग्न हुन सक्नेछन् । त्यसरी प्रचारप्रसार गर्दा सरकारी साधन स्रोतको प्रयोग गर्न भने आचारसंहिताले रोक लगाइएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो ।

ती व्यवस्थाको पालना गर्न तथा गर्न लगाउन निर्वाचन आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सरकारका मन्त्रीहरुलाई तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत प्रदेश सरकारका मन्त्रीलाई निर्देशन दिइसकेको छ ।
आचारसंहितामा नेपाल सरकारका मन्त्रीले आयोगको सहमति लिई त्यसरी सहमति लिएको स्थानमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन र प्रदेश सरकारका मन्त्रीले प्रदेश निर्वाचन कार्यालयमार्फत वा सोभै आयोगको सहमति लिई त्यसरी सहमति लिएको सम्बन्धित प्रदेशभित्रको स्थानमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुनसक्ने व्यवस्था रहेको छ ।

स्थानीय कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको स्थानीय तह बाहेक अन्य स्थानीय तहमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्नेछन् ।

## भतिजाले काकाको टाउको फुटाए

## उजुरी गर्न जाँदा प्रहरी कार्यालय अगाडीबाट मोटरसाईकल चोरी

**दैनिक समाचारदाता**
**राजविराज, १६ कातिक ।**

जग्गाको अंश विवादमा भतिजाले बृद्ध काकाको निर्घात कुटपिट गर्दै टाउको फुटाएका छन् ।

सप्तरीको अग्नीसाईर कृष्णासवरण गाउँपालिका ४ मा नाताले भतिजा पर्ने मनोज यादवले ६६ वर्षीय काका सुर्य नारायण यादवलाई कटपिट गर्दै टाउको फुटाएका हुन् ।

बुधवार विहान ६ बजे तीर जग्गाको अंशवण्डा विषयलाई लिएर उत्पन्न विवादका क्रममा नाताले भतिजा मनोज र उनका भाइहरुले इट्टाले टाउकोमा प्रहार गर्दा सूर्यनारायणको टाउको फुटेको हो । उनी हाल राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचारार्थ छन् ।

विवादका क्रममा बुवालाई काकाका छोरा मनोज र उनका भाईहरुले अचानक इट्टाले आक्रमण गरेको र बचाउँन जाँदा कान्छो भाई



अरुणलाई समेत निर्घात कुटपिट गरेको पिडीत बृद्धका जेठा छोरा बरुणले बताए । पिडीतका तर्फबाट बुधवार नै पिडक विरुद्ध कडा कारवाहीको माग गर्दै प्रहरीमा उजुरी परेको छ ।

डिएसपी नरेश कुमार सिहले प्राप्त उजुरीको आधारमा घाईते बृद्ध यादवको घाउँ जाँचको प्रक्रिया अघि बढाइनुका साथै कुटपिटमा संलग्नहरुको खोजी कार्य सुरु गरीएको बताए ।

यता पिडक विरुद्ध कारवाही माग्दै उजुरी दिन पुगेका पिडीत पक्षले प्रयोग गरेको मोटरसाईकल जिल्ला प्रहरी कार्यालयलको मुल गेट नजिकैबाट रहस्यमय ढंगले चोरी भएको छ ।

२४ घण्टै सुरक्षा निगरानीमा रहने जिल्ला प्रहरी कार्यालयको नजिकैबाट मोटरसाईकल चोरी भएको घट्नाले सबैलाई चकित पारेको छ । घाइते बृद्धका छोरा बरुण सडक डिभिजन कार्यालय विराटनगरमा कार्यरत छन् ।

बुवा माथी कुटपिट भएको थाहा पाएपछी सोही कार्यालयको को.१ ब.१०६९ नम्बरको मोटरसाइकल लिएर विहान १० बजे तीर उनी उजुरी दिन जिल्ला प्रहरी कार्यालय पुगेका थिए । जिल्ला प्रहरी कार्यालयको मुल गेटको दायाँ तीर पार्किंग लाइनमा मोटरसाइकल राखेर भित्र प्रवेश गरेका उनी १५

*बाँकी अन्तिम पृष्ठमा*

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

# पाँच वर्षसम्म नपुगेको मुसहर बस्तीमा पुग्न थाले नेता

**सञ्जीतकुमार मण्डल**
जलेश्वर, १६ कात्तिक (रासस) ।

गाउँघरमा पाँच वर्षपछि नेता देख्दा महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिकाको-३ खैरा गाउँको मुसहरबस्तीका बासिन्दा छक्क पर्न थालेका छन् । नेताहरुको बाक्लो उपस्थितिले उनीहरुलाई निर्वाचन आएको आभास हुन थालेको छ । "विसं २०७४ को निर्वाचनमा आफूले भोट दिएपछि पहिलो पटक नेताहरुलाई आफ्नो गाउँघरमा देख्दा नेताहरुलाई हाम्रो भोट चाहिने बेला भएछ भन्ने थाहा भयो", बस्तीका अगुवा मुसहर अमृत सदा भन्नुहुन्छ, "विगत पाँच वर्षमा एक पटक पनि नेता नपुगेको अहिले दिनरात नेता पुग्न थालेका छन् । हामी चाहिने भनेकै उहाँहरुलाई चुनावको बेला त हो नि ।"

उहाँका अनुसार सधैं बेलुका ७/८ बजे सुतिसक्ने मुसहरबस्ती अहिले प्रत्येक दिन राति १/२ बजेसम्म जाग्राम बस्छन् । प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनको समय नजिकिँदै गएसँगै अहिले देशभरिका प्रत्येक गाउँघरमा नेता, कार्यकर्ताको दौडधुप सुरु भएको छ ।अघिल्लो निर्वाचनमा सो बस्तीमा पुगेका नेताहरुले आफू जितेपछि मुसहर समुदायको लागि दर्जनौं योजना तथा कार्यक्रम ल्याउने आश्वासन बाँडेर चुनाव जिते तर ती नेताहरु मुसहरबस्तीमा एकदिन पनि पुग्न सकेका छैनन् । अहिले मुसहरबस्तीका मतदाता नेताको 'रङ फेरियो, बस्ती फेरिएन' भनेर दुःख व्यक्त गर्दछन् । "सबै चुनावमा लालपुर्जा बन्ने आशले नेतालाई भोट दिन्छु तर अहिलेसम्म कुनै पनि नेताले मुसहरको लालपुर्जा बनाइदिएन्" अगुवा मुसहर अमृतले थप्नुभयो । महोत्तरीको सदरमुकाम जलेश्वर बजारबाट मात्रै एक किलोमिटर दूरीमा रहेको खैरा गाउँका मुसहर समुदाय कुनै नेतालाई भेट्न जाँदा नेताहरु बेवास्ता गर्ने गरेको, कसैको कुरा सुन्न तयार नहुने गरेको र कुनै कामकाजसमेत नगरिदिने गरेको उहाँहरुको गुनासो छ । "मुसहरलाई आपतविपद पर्दा पनि जनप्रतिनिधिलाई बस्तीमा बोलाउँदा आउँदैनथे । फोन गर्दा उठाउँदैनथे र समस्या सुनाउँदा पन्छिन्थे" बस्तीका ६० वर्षीया मुसहर महिला तेतरी सदाले दुःखेसो सुनाउनुभयो ।

निर्वाचन नजिकिएसँगै त्यही बस्तीमा अहिले नियमित नेताको भीड लाग्छ । "चुनावको मिति तय भएयता दिनहुँजसो नेता, कार्यकर्ता यसपटकको निर्वाचनमा मुसहरको मत पाएर आफूले जितेपछि यहाँ विकासको लहर ल्याउने आश्वासन बाँड्न सुरु गरेका छन् । मुसहर मतदातालाई अहिले नेताको भाषण सुन्न भ्याइनभ्याइ छ" बस्तीका अर्का ७० वर्षीया महिला सिलिया सदाले बताउनुभयो । जलेश्वर नगरपालिका-३ खैरा गाउँमा करिब ९० घर मुसहर समुदायको बस्ती छ । उनीहरुका लागि न त शौचालयको व्यवस्था छ, न त खानेपानी पाइपकै सहजता छ । सिङ्गो बस्तीमा एक थान मात्रै खानेपानी पाइप (ह्याण्डपाइप) छ भने प्रत्येक ८/१० घरमा एउटा शौचालय रहेको स्थानीयवासी सुकमरिया सदाले भावुक हुँदै बताउनुभयो ।

उहाँका अनुसार नेताहरुले सो बस्तीमा विकास गरिदिने आश्वासन बाँडेर प्रत्येक चुनावमा आफूहरु नेताको भाषण सुन्न जाने गरेको र भरोसा गरेर मत पनि दिने गरेका छन् । बस्तीमा खानेपानी, नाला र सडक बनाउनुपर्ने वर्षौंदेखिको माग अहिले पनि यथावत नै छ । "सबै चुनावमा घर बनाइदिन्छु, खानेपानी पाइप, स्कुल, नालालगायतका विकासको काम गरिदिने आशले नेतालाई भोट दिन्छु" स्थानीय लड्डु सदाले बताउनुभयो । भारतीय सीमासँग जोडिएको यो जलेश्वर नगरपालिका महोत्तरी जिल्लाको सबैभन्दा गहिरो ठाउँ हो । वर्षाको बेला घर-घरमा पानी पस्छ । मुसहर बस्ती ऐलानी जमिनमा छ । नब्बे घरधुरी रहेको यो बस्तीमा करिब एक सय ५० जनालाई नागरिकता समेत छैन भने उनीहरु पुस्तौंदेखि यहीं बस्दै आएको छ । बुबाको नागरिकता नभएकै कारण छोराछोरीकोसमेत जन्मदर्ता नबन्दा यस बस्तीका अधिकांश बालबालिका विद्यालयको मुखसमेत देख्न पाएका छैनन् ।

यस बस्तीका मुसहरले गत चुनावमा नागरिकता बनाइदिने, जन्मदर्ता बनाइदिने, वर्षाको पानी व्यवस्थापन गरिदिने, खानेपानी, सडक र सबै ऐलानी जमिनको लालपुर्जा बनाइदिनुपर्ने माग राखेका थिए । तर त्यस्ता वाचा, बन्धनको पनि पाँच वर्ष वितिसक्यो तर अहिलेसम्म पनि यो बस्तीमा केही हुनसकेको छैन । अझै पनि दर्जनौं व्यक्ति नागरिकताविहीन, दर्जनौं बालबालिका जन्मदर्ताविहीन र बस्तीमा सडक, विद्यालय, खानेपानी, नाला निर्माणको काम पनि बाँकी नै रहेको छ । स्थानीय अर्जुन सदा भन्नुहुन्छ, "बस्तीमा मात्र एउटा चापाकल (खानेपानी पाइप) हुँदा गर्मीमा पानीको हाहाकार हुन्छ । नाला नबन्दा वर्षात्मा उनीहरूको घर डुब्छ । लालपुर्जा नहुँदा घरबारविहीन हुने चिन्ता छ । हरेक निर्वाचनमा उनीहरूले यी माग अघि सार्छन् र बढी आश्वासन दिने नेतालाई मत दिन्छन् । उनीहरूका माग अहिलेसम्म पूरा भएका छैनन् ।"

खैरा गाउँभरि बिजुली बत्ती पुगे पनि गाउँमै रहेको मुसहरबस्ती वर्षौंदेखि अँध्यारो रहेको छ । गरिबी र विपन्नताले गर्दा कतिले बिजुली बत्ती जडान नै गर्न सकेका छैनन् भने एक/दुई जनाले जडान गर्न चाहे पनि बसोबास गर्दै आएको जग्गाको लालपुर्जा नहुँदा मिटर नपाएको उहाँहरुको गुनासो छ । गाउँमा बिजुली बत्ती त छ तर विद्युत् कार्यालयले लालपुर्जा नभएकालाई मिटर दिन मानेको छैन । स्थानीय सिरिया सदा भन्नुहुन्छ, "मुसहरबस्ती अझै उस्तै छ । यहाँका सबै सधैं जना अभावमा बाँचिरहेका छन् । यो बस्तीमा नेता भोटको बेलामा मात्रै आउँछन् । मत पाएपछि नेताको रङ फेरिन्छ तर बस्तीको रङ फेरिँदैन ।" निर्वाचनमा नेता परिवर्तन भए पनि आफूहरूको बस्तीमा परिवर्तन हुननसकेको उहाँको गुनासो छ । प्रत्येक निर्वाचनमा नेताले झुठो आश्वासन दिएर बस्तीको भोट लिने गरेको सिरियाले थप्नुहुन्छ । "नेपाल सरकारले बडो धुमधामका साथ देशलाई खुलादिशामुक्त घोषणासमेत गरिसकेको अवस्थामा यस बस्तीमा शौचालय नहुँदा खुला ठाउँमा शौच गर्नुपर्ने बाध्यता छ । सबै नेताहरूले बस्तीमा सार्वजनिक शौचालय बनाइदिने आश्वासन दिए पनि कसैले पूरा नगरेको" स्थानीयवासी बिरु सदाको गुनासो छ ।यहाँका अधिकांश बासिन्दा जमिन्दारको जमिन बटैया अर्थात अधियाँमा खेती गर्छन् । वर्षाको बेला खेत डुबानमा पर्छ भने वर्षा नभएको बेला खडेरी लागेर बाली नष्ट हुन्छन् । त्यसको व्यवस्थापन नेताले गरिदिँदैनन् । गरिबको भोको पेट भर्न कहिले कुनै पहल गरिँदैन । भोट माग्ने बेला त के के न गर्छु भन्दै आउने दर्जनौं नेता फेरि जितेर गएपछि कता हराउँछन् ?' स्थानीयवासी विमलेश सदा प्रश्न गर्नुहुन्छ । महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-३ मा पर्ने सो बस्ती जिल्लाको सङ्घीय निर्वाचन क्षेत्र नं ३ मा पर्दछ भने २०७४ को निर्वाचनमा यस क्षेत्रबाट सङ्घीय सांसदमा लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुर निर्वाचित हुनुभएको छ भने मधेश प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं ३ 'ख' अन्तर्गतपर्ने यस क्षेत्रबाट मधेश प्रदेशसभा सदस्यमा रानीकुमारी तिवारी निर्वाचित हुनुभएको थियो ।

वर्षौंदेखि मुसहरहरुको समस्याका आलो घाउ अझै आलै रहेको छ । उनीहरुको समस्या अझै जस्ताको तस्तै रहेका छन् । सधैं गास, बास र कपासको समस्यामा जेलिएका सो बस्तीका मुसहर अझै पनि तिनै समस्यामा जेलिएका छन् । वर्षौंदेखि गरिबी, विपन्नता र समस्यासँग जुझ्दै गरेका सो बस्तीका मुसहरका लागि न वडाध्यक्ष न नगरप्रमुख न प्रदेश सांसद र सङ्घीय सांसद समेतले अहिलेसम्म केही नगरिदिएको मुसहरहरुको सामूहिक गुनासो छ । अहिले भोट माग्न बिहान बेलुका र राति अबेरसम्म पनि थुप्रै नेता पुग्ने सो मुसहर बस्तीका ८५ जना बालबालिका जनप्रतिनिधकै कारण जन्मदर्ताविहीन रहेको स्थानीय मुसहरहरु आरोप लगाउँछन् । गरिबी र विपन्नताले जरो गाडेर बसेको सो गाउँको दलित मुसहरबस्तीमा बसोबास गर्ने अधिकांश परिवारका ८५ जना बालबालिका जन्मदर्ताविहीन रहेको सम्बन्धमा उनीहरुले पटक-पटक वडा कार्यालय नगरपालिकाको कार्यालय र आफ्ना प्रदेश तथा सङ्घीय सांसद समेतलाई जानकारी गराए पनि कतैबाट कुनै सहयोग नपाएको स्थानीय बिरजु सदाले दुःखेसो सुनाउँदै उनीहरुले वास्ता नदिएकै कारण अहिले आफ्नो बस्तीका बालबालिका जन्मदर्ताविहीन रहेको बताउनुभयो ।

कस्तो बिडम्बना, जिल्लाको सदरमुकाममै पर्ने खैराको मुसहर बस्तीका दर्जनौं बालबालिका जन्मदर्ताविहीन हुँदा उहाँहरु विभिन्न अधिकार र सुविधाबाट वञ्चित हुनुपरेको उनीहरु बताउँछन् । जन्मदर्ताको अभावमा सो बस्तीका बालबालिकाले नेपाल सरकारबाट प्राप्त हुने पोषणभत्ता, बालबालिकासँग सम्बन्धित अन्य सुविधा र निःशुल्क शिक्षाबाट समेत वञ्चित रहेको बस्तीका ५५ वर्षीया महिला जिबछी सदाले बताउनुभयो । चरम गरीबीका कारण त्यस बस्तीका अभिभावक पनि बालबालिकालाई आवश्यक जन्मदर्ता बनाउनदेखि सरकारी सुविधा प्राप्त गर्नेसम्म पनि खासै मतलब नराखेको र बिहानबेलुका खानपानकै जोहोमा लाग्ने गरेको बस्तीकी वृद्ध महिला मरनी सदाले बताउनुभयो । सोही बस्तीका बहादुर सदाले पनि बालबालिकाले के खाने, कसरी बाँच्ने कुराको व्यवस्थापनमै बस्तीका महिला, पुरुषहरुको दिनचर्या बित्ने गरेको कारण अरु कुनै कुरामा ध्यान पुऱ्याउन नसकिएको थप्नुभयो । जिल्लाको सदरमुकाममै दर्जनौं बालबालिका जन्मदर्ताविहीन र अभिभावक नागरिकताविहीन हुनु स्थानीय सरकार र जनप्रतिनिधिको लागि लज्जास्पद कुरा रहेको जलेश्वरका बुद्धिजिवीको ठहर छ भने खैरा गाउँका मुसहर बालबालिका र तिनका अभिभावकलाई बस्तीमै गएर जन्मदर्ता र नागरिकता बनाइदिन सरोकारवालासँग जोडदार माग गरेका छन् ।

अहिले सो बस्तीका मुसहरुले त नेपाल सरकारले जनप्रतिनिधिका लागि आचारसंहिता लागू गरिदिएर उनीहरु केही गर्न नसक्ने भएका छन् । आधारभूत र जन्मसिद्ध अधिकारको कुराका लागि कुनै पनि बेला प्रशासनिक टोली पठाएर आफूहरुको समस्या समाधान गर्न/गराउने सक्ने भएकाले आफूहरुलाई तत्काल नागरिकता र बालबालिकालाई तत्कालै जन्मदर्ता बनाइदिन जोडदार माग गरेका छन् । मुसहर बस्तीमा पुगेका सञ्चारकर्मीलाई त उनीहरु यसपालि मङ्सिर ४ गतेको प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनमा आफूहरु आफ्ना नागरिकता तथा बालबालिकाको जन्मदर्ता, बस्तीमा खानेपानी, शौचालय, पानी निकास, लालपुर्जा तथा रोजगारीको सुनिश्चित गर्ने तथा ती माग पूरा गर्न अहिले तत्कालै केही कदम चाल्ने उम्मेदवारलाई मात्रै आफूहरु भोट हाल्ने निधोसमेत गरिसकेको बताउँछन् ।

आफ्ना माग र समस्यालाई बेवास्ता गर्ने तथा आफूहरुलाई पुनः झूठो आश्वासन बाँड्ने वा ठग्न खोजिएमा कुनै पनि दल तथा उम्मेदवारलाई सो बस्तीका मुसहरले मतदान नगरी सम्पूर्ण बस्ती नै यसपालिको निर्वाचन बहिष्कार गर्ने चेतावनी पनि दिएका छन् । अशिक्षित र अबोध व्यक्तिको बाहुल्यता रहेको खैरा गाउँका मुसहर बस्ती सधैंभरि निर्वाचनको बेला खास भोट बैंकका रुपमा चिनिँदै आएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# निर्वाचन प्रचारअन्तर्गत जुलुस, आमसभा र कोणसभा गर्ने चरण आजदेखि

काठमाडौँ, १६ कात्तिक (रासस)।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले कात्तिक १७ गतेदेखि दल र उम्मेदवारले जुलुस, आमसभा र कोणसभा गर्न पाउने निर्वाचन प्रचारप्रसारको दोस्रो चरणमा प्रवेश हुने भएकाले सो चरणमा निर्वाचनको निष्ठालाई जोगाएर आचारसंहिताको पालना गर्न दल र उम्मेदवारलाई आग्रह गर्नुभएको छ।

मङ्सिर ४ गते हुने निर्वाचन प्रचारप्रसारको दोस्रो चरणमा प्रवेशको अघिल्लो दिन बिहीबार आयोगले आयोजना गरेको पत्रकार सम्मेलनमा प्रमुख आयुक्त थपलियाले आचारसंहिता उल्लङ्घनका विषयमा परेका उजुरीका आधारमा हालसम्म ७१ व्यक्ति र संस्थालाई सोधिएको स्पष्टीकरणमा जवाफ आउने, तथ्य जुटाउने र अध्ययनको क्रम जारी रहेको बताउनुभयो।

आयोगका निर्णय र कारबाहीबारे अदालतमा मुद्दा जाँदा पनि आयोगको निर्णय सदर हुने गरी आयोगले सोचिरहेको उहाँले स्पष्ट गर्नुभयो। "आचारसंहिता आफैँमा एक नैतिक र कानूनी बन्धन हो। यो बन्धन दल, उम्मेवार अन्य पक्षले नचुँडाल्ने हो भने आयोग र राज्यका संयन्त्रले कारबाहीका लागि कुनै काम गरिरहनु पर्दैन", प्रमुख आयुक्त थपलियाले भन्नुभयो, "पहिलो स्पष्टीकरण चित्त नबुझेमा दोस्रो स्पष्टीकरण सोध्ने र उल्लङ्घनको प्रमाण र अवस्था हेरेर सचेत, दण्ड जरिवाना तथा उम्मेदवारी खारेजीसम्मको निर्णयमा जानुपर्ने हुन्छ। हालसम्म चलेका स्पष्टीकरणबारे हामी यही कात्तिक २५ गतेभित्रै निर्णयमा पुग्नेछौँ।"

उहाँले निर्वाचनमा सबै पक्षको सहभागिता हुने आयोगको अपेक्षा रहेको र निर्वाचन बिथोल्न हुन सक्ने गतिविधिको नियन्त्रणका लागि सुरक्षा निकायसँग आवश्यक समन्वय भइरहेको जनाउँदै मतगणनास्थलमा तारजाली राख्नुपर्ने अवस्था लोकतन्त्रका लागि सुखद् नभएकाले त्यस्तो दुरावस्थाबाट माथि उठ्न आग्रह गर्नुभयो।

प्रमुख आयुक्त थपलियाले मतदानका दिन सवारी साधनको व्यवस्थित र नियन्त्रित सञ्चालनबारे सम्बन्धित निकायका प्रतिनिधिसहितको कार्यदलले काम गरिरहेको जानकारी दिनुभयो भने दल र उम्मेदवारले तोकिएको मापदण्डका आधारमा पत्रपत्रिकाका साथै अनलाइन सञ्चारमाध्यममा पनि विज्ञापनबाट प्रचारप्रसार गर्न सक्ने स्पष्ट गर्नुभयो।

आयोगले उम्मेदवार तथा राजनीतिक दलले आचारसंहिताको पालना र तोकेको सीमाभित्र रही खर्च गरे नगरेको निगरानी गरी निर्वाचन आचारसंहिता, २०७९ को दफा ४२ बमोजिम आयोगमा विवरण उपलब्ध गराउन गृह मन्त्रालयमार्फत नेपाल प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागलाई जिम्मेवारी दिइएको छ।

निर्वाचन आचारसंहिता, २०७९ ले नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रीले आयोगको सहमतिमा निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा सरकारी साधनको प्रयोग भए नभएको विषयमा आवश्यक निगरानीको व्यवस्था मिलाइएको छ।

आचारसंहिताबमोजिम निर्वाचन प्रचारप्रसारका लागि आमसभा, कोणसभा गर्दा मञ्चको तयारीका लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैँ वा प्रतिनिधिमार्फत मतदान सम्पन्न भएको १५ दिनभित्र निर्वाचन कार्यालयमा पेस गर्नुपर्नेछ।

खर्चको हिसाबकिताब आयोगले तोकेको ढाँचा र लेखाप्रणालीअनुसार राख्नुपर्ने र राजनीतिक दलकोतर्फबाट हुने निर्वाचनसम्बन्धी स्वेच्छिक आर्थिक सहयोग लिँदा तथा खर्च गर्दा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३८ र निर्वाचन आचारसंहिता, २०७९ को दफा १६ बमोजिम गर्नुपर्नेछ। राजनीतिक दलले निर्वाचनसम्बन्धी खर्च गर्दा निजकोतर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोकी निजको नाम नामेसीसहितको विवरण १० दिनभित्र आयोगमा पठाउनुपर्नेछ।

निर्वाचन आचारसंहिता, २०७९ मा आयोगले सामाजिक सञ्जालमा दल, उम्मेदवार र आम मतदाताले राजनीतिक विज्ञापन गर्न पाउने र प्रचारप्रसारका लागि उपयोग गर्न पाउने व्यवस्था गरेको छ। निर्वाचनका समयमा कुनै पनि दल वा उम्मेदवारविरुद्ध तथा निर्वाचनलाई प्रतिकूल असर पार्ने उद्देश्यले सामाजिक सञ्जाल तथा अनलाइन माध्यमबाट एवं सङ्गठितरूपमा नीहित राजनीतिक स्वार्थका लागि फैलाइने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिमार्फत अभिव्यक्ति स्वतन्त्रतामाथि हस्तक्षेप नगर्न सजग तुल्याइएको छ।

सङ्गठितरूपमा नीहित राजनीतिक उद्देश्यले फैलाइने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिले निर्वाचनमा पर्न सक्ने चुनौतीलाई मध्यनजर गर्दै सामाजिक सञ्जाल नियमनका लागि सम्बन्धित सामाजिक सञ्जालका कम्पनीसँग पनि आयोगले सहकार्य गर्दै आएको छ। नागरिकको अभिव्यक्ति स्वतन्त्रता र मतदाताको सुसूचित हुन पाउने अधिकार निर्वाधरूपमा प्रयोग गर्नका लागि गरिएको यस्तो कार्यलाई गलत अर्थमा नबुझी नियमन गर्ने कार्यलाई सहजीकरण गर्न र निर्वाचनको निष्ठा जोगाउन सबैलाई आह्वान गरिएको छ।

राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन आचारसंहिता पूर्णरूपमा पालना गरे नगरेको अनुगमन गर्न आयोगले केन्द्रमा केन्द्रीय आचारसंहिता अनुगमन समिति तथा जिल्लामा जिल्ला स्तरीय अनुगमन समितिलाई क्रियाशील तुल्याई आचारसंहिता कार्यान्वयन भए/नभएको अनुगमन गर्ने अनुगमनकर्ताले आचारसंहिता उल्लङ्घन गरेको ठहर गरेमा सम्बन्धित स्थानमा नै कारबाही गर्नसक्ने अधिकार प्रत्याजोन गरिएको छ।

आचारसंहिता लागू भएको मिति २०७९ असोज १२ गतेदेखि बुधबारसम्म आचारसंहिता उल्लङ्घन गर्ने ७१ व्यक्ति/संस्थालाई आयोगबाट स्पष्टीकरण सोधिएको छ। प्राप्त स्पष्टीकरण उपर छानविन र जाँचबुझ गरी आवश्यक कारबाही प्रक्रिया अघि बढाइएको छ।

निर्वाचन (कसुर तथा सजाय) ऐन २०७३ ले निषेध गरेका शान्ति भङ्ग गर्न नहुने, अनधिकृत प्रभावमा पार्न नहुने, नगद वा जिन्सी लिन दिन नहुने, चरित्र हनन गर्न नहुने, अनुचित ढङ्गले सवारीसाधनको प्रयोग गर्न नहुने, सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्न नहुने, अन्य व्यक्तिबाट खर्च गराउन नहुने, निर्वाचनको गोपनीयतालाई भङ्ग गर्न नहुनेलगायत ऐनमा भएका व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो।

# सरकारलाई आयोगको सातबुँदे निर्देशन

काठमाडौँ, १६ कात्तिक (रासस)।

निर्वाचन आयोगले मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, भयरहित तथा मितव्ययीरूपमा सम्पन्न गर्न/गराउन तीनै तहको सरकारलाई सातबुँदे निर्देशन दिएको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार आयोगले केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्बन्धित निकायमा निर्देशन दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सातबुँदे निर्देशन दिएको हो।

निर्देशनमामा प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचनमा यातायातको सहज पहुँचका लागि यातायात व्यवस्थालाई नियमित र भरपर्दो बनाई जिल्ला सदरमुकामस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालय रहने स्थानसम्मको आवागमनलाई निर्वाधरूपमा सञ्चालन गर्ने व्यवस्था गर्नुपर्ने रहेको छ।

साथै, तोकिएको मतदानस्थल र मतदान केन्द्रहरूसम्म पुग्ने सडक तथा अन्य भौतिक पूर्वाधारसमेत सरकार तथा प्रदेश सरकारका सम्बद्ध निकाय एवं स्थानीय तहबाट प्राथमिकताका साथ आवश्यक मर्मतसम्भार गरी गराई सुचारु अवस्थामा राख्ने व्यवस्था गर्नुपर्ने रहेको छ।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनसँग सम्बन्धित महत्वपूर्ण सूचना तथा जानकारी आयोगको वेबसाइट एवं आयोगको आधिकारिक सामाजिक सञ्जालबाट प्राप्त गरी सरकार, प्रदेश सरकार र स्थानीय तह वा सोअन्तर्गतका सम्पूर्ण निकाय, सार्वजनिक संस्थान, विकास समिति, बोर्ड, आयोग, कोष, प्रतिष्ठान, प्राधिकरण तथा शैक्षिक संस्थाका कार्यालय र कार्यालय परिसरभित्रका सबै डिजिटल डिस्प्ले सूचना पाटीमा आम सर्वसाधारणले देख्न र पढ्न सक्ने गरी डिस्प्ले गर्ने व्यवस्था गर्नुपर्ने छ।

त्यस्तै, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत सञ्चालित लोक कल्याणकारी विज्ञापनसम्बन्धी कार्यक्रमबाट प्रकाशन तथा प्रसारण हुने विज्ञापन तथा सूचनामूलक सामग्रीमा निर्वाचन आयोगबाट उत्पादित तथा प्रेषित सूचनामूलक सामग्री प्राप्त गरी सबै छापा एवं विद्युतीय सञ्चारमाध्यमबाट प्रकाशन र प्रसारण हुने व्यवस्था गर्ने रहेको छ।

सरकारी, सामुदायिक तथा निजी अस्पताल, नर्सिङ होमलगायत सबै स्वास्थ्य संस्था निर्वाधरूपमा सञ्चालन हुने व्यवस्था मिलाउनका साथै जिल्लामा सञ्चालनमा रहेका एम्बुलेन्स सुचारु अवस्थामा राख्ने तथा जिल्लामा रहेका दमकललाई चालु हालतमा राखी निर्वाचनको क्रममा आवश्यक परेको बखत तत्काल प्रयोग गर्नसक्ने व्यवस्था गर्न भनिएको छ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल टेलिकम, निजी क्षेत्रका सञ्चार सेवा प्रदायक संस्था तथा विकास आयोजनालगायत सरकारी निकायका वायरलेस, टेलिफोन, फ्याक्स तथा अन्य सञ्चार साधन मर्मत र सेवा विस्तार गर्नुपर्ने भए तत्काल मर्मत र सेवा विस्तार गरी चालु अवस्थामा राख्न लगाउने र निर्वाचनको कामका लागि आवश्यक भएमा सम्बन्धित निकायले तत्काल प्राथमिकता दिई उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने निर्देशनमा छ।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका क्रममा नियुक्त गरिएका वा खटाइएका वा तोकिएका वा आयोगको निर्देशन, आदेश पालना गर्नुपर्ने कर्तव्य भएका कुनै निजामती वा प्रदेश वा स्थानीय तह वा अन्य सरकारी निकायका कर्मचारी वा सुरक्षाकर्मीले कुनै किसिमको डर, धम्की वा प्रलोभन दिएमा वा बल प्रयोग गरी आफ्नो कर्तव्य पालना गर्न वा गराउनबाट विचलित गराएमा उक्त कार्यलाई निर्वाचन कसुर मानिने व्यवस्था रहेकाले कानूनको वर्खिलाप हुने गरी कहीँकतैबाट यस्तो कुनै कार्य नहुन र भए गरेको पाइएमा कानूनबमोजिम आवश्यक कारबाही गर्ने गराउने व्यवस्था गर्न भनिएको छ।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### छठ पूजाका क्रममा त्रिपन्न जना डुबे

नयाँदिल्ली, १६ कात्तिक (रासस/सिन्ह्वा)।

भारतको पूर्वीराज्य विहारका विभिन्न भागमा छठ स्नानका क्रममा डुबेर ५३ जनाको मृत्यु भएको छ। हिन्दु धर्मावलम्बीहरूको चारदिने चाड छठमा सूर्य उपासना, स्नान गर्न नदी तथा तलाउमा गएका श्रद्धालुको डुबेर मृत्यु भएको सरकारी अधिकारीहरूले बताएका छन्। राज्यको विपद् व्यवस्थापन कार्यालयका अधिकारीहरूलाई उद्धृत गर्दै स्थानीय सञ्चार माध्यमले जनाएअनुसार छठको अन्तिम दिन गत सोमबार १८ जना डुबेका थिए। विहारका मुख्यमन्त्री नीतिश कुमारले मृतकहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै उनका परिवारलाई क्षतिपूर्तिस्वरुप राज्यकोषबाट रू चार लाख उपलव्ध गराउने घोषणा गर्नुभएको छ। उहाँले क्षतिपूर्ति बापतको रकम तत्काल पीडितका परिवारलाई प्रदान गर्ने व्यवस्था मिलाउन जिल्लाका सम्बद्ध अधिकारीलाई निर्देशन पनि दिनुभएको छ। प्रकाशको पर्व दीपावलीको अन्त्यसँगै भारतमा छठ पर्व प्रारम्भ हुन्छ। उत्तर एवम् पूर्वी भारतका हिन्दुहरूमा जलाशय तथा नदीमा स्नान गरी सूर्य भगवान्को उपासना गर्ने प्रचलन छ।

### नाइजेरियामा बन्दुकधारीद्वारा दर्जनौँ बालबालिकाको अपहरण

कानो, नाइजेरिया, १६ कात्तिक (रासस/सिन्ह्वा)।

नाइजेरियाको उत्तरपश्चिमी क्षेत्रमा एउटा कृषि फार्ममा काम गर्ने करिब ४० जना बालबालिकालाई एक आपराधिक समूहले अपहरण गरी लगेको छ। उक्त समूहले अपहरणमा परेका बालबालिकालाई छुटाउन फिरौती मागेको प्रहरी र एक स्थानीय अधिकारीले बुधबार बताएका छन्। कात्सिना राज्यको फास्करी जिल्लाको मैरुवा गाउँबाहिर आइतबार मोटरसाइकलमा आएका दर्जनौँ बन्दुकधारीले खेतमा पसेर बाली काटिरहेका ३९ जना बालबालिकालाई नियन्त्रणमा लिएको प्रहरी र अधिकारीले बताएका छन्। कात्सिना उत्तरपश्चिम र मध्य नाइजेरियाका धेरै राज्यहरूमध्ये एक हो जुन स्थानीय रूपमा आपराधिक गिरोह (डाँकू) हरूद्वारा आतङ्कित छन्। त्यहाँ डाँकाहरूले गाउँहरूमा आक्रमण गर्छन्, स्थानीय बासिन्दाहरूको हत्या र अपहरण गर्छन् साथै लुटपाट र घरहरू जलाउँदछन्।

जाम्फारा, कात्सिना, काडुना र नाइजर राज्यको विशाल रुगु जङ्गलमा लुकेर बसेका गिरोहलाई फिरौती रकम बुझाएपछि बन्धक बनाएर छाडिन्छ। कात्सिना प्रहरी प्रवक्ता गाम्बो इसाहले भन्नुभयो, 'डाँकूहरूले मैरुवाको एक खेतमा आक्रमण गरी खेतमा काम गर्ने कम उमेरका मजदुरहरूलाई लगेका छन्।" "बन्धक बनाइएकाहरूलाई उद्धार गर्न र अपराधीहरूलाई पक्रन हाम्रा कर्मचारीहरू मिसनका साथ त्यस क्षेत्रमा परिचालित भएका छन्," इसाहले भन्नुभयो। फस्कारीका एक स्थानीय सरकारी अधिकारीका अनुसार सयौँ मजदुरले काम गरिरहेकाले डाँकूहरू मोटरसाइकलमा चढेर खेतमा पसेका थिए।

"धेरै छिटो दौडन सक्ने वयस्क कामदारहरू भाग्न सफल भए तर डाँकूहरूलाई उछिन्न नसक्ने ३९ जना बालबालिकाहरू उनीहरूको कब्जामा परे," ती अधिकारीले भने। अधिकारीका अनुसार बन्धक बनाइएकामध्ये ३३ जना केटा र केटीहरू मैरुवा गाउँका थिए भने अन्य छ जना नजिकैको अर्को गाउँका थिए। उनले लुटेराहरूले बन्धक बनाइएकामध्ये एक जनाको टेलिफोन प्रयोग गरेर फिरौती मागेका थिए। अधिकारीका अनुसार फार्म म्यानेजरले यसअघि डाँकूहरूसँग सम्झौता गरेका थिए, जसले बाली काट्न दिनका लागि सुरक्षा रकम मागेका थिए र उनीहरूलाई पैसा पनि तिरिएको थियो। राष्ट्रपति मुहम्मद् बुहारीलाई दोस्रो चार वर्षे कार्यकालपछि अर्को वर्ष पदबाट हट्नुअघि सुरक्षा चुनौतीको सामना गर्न दबाब दिइएको छ। अफ्रिकाको सबैभन्दा बढी जनङ्ख्या भएको देश नाइजेरिया उत्तरपश्चिमी र मध्य क्षेत्रमा डाँकू गिरोह, उत्तरपूर्वमा जिहादी हिंसा र दक्षिणपूर्वमा पृथकतावादी आन्दोलनसँग जुधिरहेको छ।

### विश्वकपको तयारी गर्ने क्रममा मारिएका आप्रवासी कामदारलाई क्षतिपूर्ति दिन कतारद्वारा अस्वीकार

दोहा, यूएई, १६ कात्तिक (रासस/एएफपी)।

कतारले विश्वकप तयारीका क्रममा मारिएका वा घाइते भएका आप्रवासी कामदारका लागि क्षतिपूर्ति कोषको मागलाई अस्वीकार गरेको छ। कतारका श्रममन्त्री अली बिन समिख अल मारीले एएफपीसँग कुरा गर्दै कतारले लाखौँ डलर भुक्तानी नगरेको तलब दिइसकेको बताउनुभएको छ साथै उहाँले खाडी राष्ट्रका आलोचकमाथि 'जातिवाद' को आरोप लगाउनुभएको छ। मारीले कतारसँग कामदारको मृत्यु र घाइतेको उपचारका लागि कोष रहेको बताउनुभयो। "फिफाको नेतृत्वमा क्षतिपूर्ति अभियानको यो आह्वान पब्लिसिटी स्टन्ट हो," उहाँले एक विशेष अन्तर्वार्तामा भन्नुभयो। हाम्रो ढोका खुला छ। हामीले धेरै मुद्दाको निरूपण र समाधान गरेका छौँ।" एम्नेस्टी इन्टरनेशनल र ह्युमन राइट्स वाचले फिफा र कतारलाई ४४ करोड अमेरिकी डलर बराबरको कामदारका लागि कोष बनाउन माग गरेका छन्। मानव अधिकारवादी समूहहरूले कतारले मृत्युको रिपोर्टिङ कम गरेको आरोप लगाएका छन्। कतार सरकारले निर्माणस्थलमा भएका दुर्घटना वा गर्मीका कारण हुने रोगका कारण हजारौँको मृत्यु भएको भन्ने समाचारप्रति कडा आपत्ति जनाएको छ। फिफाले कोषको बारेमा 'निरन्तर संवाद' भइरहेको बताएको छ, तर सरकारको पहिलो सार्वजनिक टिप्पणीमा, मारीले भन्नुभयो, "यो प्रस्ताव अव्यावहारिक थियो।"

यस पहिले गत आइतबार मारीले हरेक मृत्यु एक प्रकारले दुःखद् भए पनि यी कोषहरू स्थापना गर्ने कुनै मापदण्ड नभएको उहाँले बताउनुभयो। उहाँले प्रतिप्रश्न गर्दै भन्नुभयो, "पीडित कहाँ छन्, पीडितको नाम छ, यो नम्बर कसरी प्राप्त गर्न सकिन्छ?" केही अन्तर्राष्ट्रिय ट्रेड युनियनका नेताहरूले पनि नयाँ कोष स्थापना र व्यवस्थापन गर्न निकै जटिल हुने बताएका छन्। कतारले सन् २०१८ मा श्रमिक सहायता तथा बीमा कोषको स्थापना गरेको थियो जसले तलब नपाएका कामदारलाई सहयोग गरेको थियो। उहाँले भन्नुभयो, "क्षतिपूर्ति नपाएका व्यक्ति छ भने उनीहरू अगाडि आउनुपर्छ र हामी उनीहरूलाई सहयोग गर्नेछौँ। कतार एक दशकभन्दा अघिका मुद्दा हेर्न तयार छ।"

# एमालेका भट्टराई र माओवादी केन्द्रका मगरलाई स्पष्टीकरण

काठमाडौँ, १६ कात्तिक (रासस)।
निर्वाचन आयोगले ताप्लेजुङको प्रतिनिधिसभा सदस्यका नेकपा (एमाले) का उम्मेदवार योगेश भट्टराई र कञ्चनपुर क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्यका नेकपा ( माओवादी केन्द्र) का उम्मेदवार बिना मगरलाई २५ जनाभन्दा बढी साथमा लिई घरदैलो कार्यक्रम गरेको सम्बन्धमा स्पष्टीकरण सोधेको छ। निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ मा राजनीतिक दल, उम्मेदवार, दलको भातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण अन्तर्गत खण्ड (ख) मा “स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिकस्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा वा भेला गर्न नहुने” र खण्ड (ण) मा “निर्वाचनमा उम्मेदवारको मनोनयनपत्र पेस गर्न जाँदा वा प्रचारप्रसारका लागि घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थकसहित २५ जना भन्दा बढीको जुलुस लिएर जान नहुने र यसरी जाँदा बाजागाजा तथा झाँकीसहित जान नहुने” व्यवस्था छ।

एमालेका सचिव भट्टराईले आफ्नो निर्वाचन क्षेत्र अन्तर्गतको सिरजङ्घा गाउँपालिका-३ सिकैचामा आचारसंहिताको उल्लङ्घन हुने गरी २५ जनाभन्दा बढीको भेला गरेको र उक्त विषय आफ्नो फेसबुक पेजबाटसमेत सार्वजनिक भएको भनी उजुरी परेकाले स्पष्टीकरण सोधिएको हो। माओवादी केन्द्रकी मगरले आफ्नो निर्वाचन क्षेत्र अन्तर्गतको बेलौरी नगरपालिकामा आचारसंहिता विपरीत हुनेगरी २५ जनाभन्दा बढी साथमा लिई घरदैलो कार्यक्रम गरेको र उक्त विषय आफ्नै फेसबुक पेजबाट समेत सार्वजनिक भएको भनी उजुरी परेको थियो।“निर्वाचन आचारसंहिताको प्रतिकूल हुनेगरी निर्वाचन प्रचारप्रसार भएको छैन भन्ने आधार कारण के छ?” स्पष्टीकरणमा भनिएको छ।

“तपाईंले निर्वाचन आचारसंहिताका उल्लेखित व्यवस्थाको प्रतिकूल हुनेगरी निर्वाचन प्रचारप्रसार गरी निर्वाचन आचारसंहिताको उल्लङ्घन गरेको अवस्थामा तपाईंलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) र (४) बमोजिम कारबाही किन हुनु नपर्ने हो ? यो पत्र कुनै माध्यमबाट तपाईंलाई प्राप्त भएको २४ घण्टाभित्र निर्वाचन आयोग वा जिल्ला निर्वाचन कार्यालयमा प्राप्त हुने गरी स्पष्टीकरण पेस गर्नुहुन निर्णयानुसार अनुरोध छ।”

# मधेश प्रज्ञा प्रतिष्ठानले सरोकारवाला संग सुझाव लियो



**दैनिक समाचारदाता**
**राजविराज, १६ कातिक।**
मधेश प्रदेश सरकारद्वारा गठित मधेश प्रज्ञा प्रतिष्ठानले नयाँरुपमा कार्यक्रमहरु अघि बढाउन सरोकारवालसित सुझाव लिएको छ।

बुधवार राजविराजस्थित मैथिली भवनमा प्रतिष्ठानले मधेशमा भाषा, कला, साहित्य र संस्कृती लगायतको क्षेत्रमा काम गरिरहेका संघ, संस्थाका प्रतिनीधी सित समन्वय वैठक मार्फत सुझाव संकलन गरेको हो।

बैठकलाई सम्बोधन गर्दै प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडीले प्रतिष्ठानको गठन र पदाधिकारी नियुक्ती भएपछी नयाँ रुपमा अघि बढ्न सुझाव संकलन गर्न थालिएको बताए। उनले मधेश प्रदेशका सबै जात जातीका कला, संस्कृती, भाषा र साहित्यको विकासका लागी प्रतिष्ठानले काम गर्ने र यसका लागी आवश्यक नीती तथा कार्यक्रम तयार गर्न सुझाव संकलन गर्न थालिएको बताए।

यस प्रदेशमा सर्वाधिक बोलिने भाषा मैथिली रहेको बताउँदै उनले भावी नीती तथा कार्यक्रममा स्वभाविक रुपमा मैथिली भाषा, कला र साहित्य क्षेत्र उच्च प्राथमिक्तामा पर्ने जनाए। कुनै पनि ठाउँलाई त्यस ठाउँको कला, संस्कृती, भाषा, साहित्य,दर्शन र इतिहासले चिनाउने जिकीर गर्दै उनले यस क्षेत्रको समग्र विकासका लागी आफुहरु श्रोत, साधन र क्षमताले भ्याए सम्म काम गर्ने प्रतिबद्धता पनि जनाए।

मैथिली साहित्य परिषद सप्तरीका अध्यक्ष सतिस दत्तको अध्यक्षता तथा परिषदका उपाध्यक्ष समेत रहेका मधेश प्रदेश आम संचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवद्वारा स्वागत गरी संचालित कार्यक्रममा प्रतिष्ठानका सदस्य दिनेश कुमार यादव, पुर्व सभासद शिवचन्द्र मिश्र, परिषदका पुर्व जिल्ला अध्यक्ष देवेन्द्र मिश्र, दहेज मुक्त मिथीलाका अध्यक्ष करुणा झा, त्रिविविका पुर्व मैथिली विभागाध्यक्ष पशुपतीनाथ झा लगायतले प्रतिष्ठानद्वारा भावी दिनमा तयार हुने आवश्यक नीती तथा कार्यक्रममा समावेश गरिने विषयहरुबारे आ आफ्नो सुझाव दिएका थिए।

# लामिछानेविरुद्ध परेको मुद्दामा थुनछेक बहस ‘हेर्दाहेर्दै’मा

काठमाडौँ, १६ कात्तिक (रासस)।
जिल्ला अदालत काठमाडौँमा राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछानेविरुद्ध परेको मुद्दामा बुधबारदेखि थुनछेक बहस प्रारम्भ भएको छ। न्यायाधीश माधवप्रसाद घिमिरेको इजलासमा लामिछानेविरुद्ध थुनछेक बहस प्रारम्भ भए पनि सुनुवाइ नभ्याएकाले हेर्दाहेर्दैमा बिहीबारका लागि राखिएको छ।

सो मुद्दामा सरकारी वकिलका तर्फबाट चार जनाले बहस गर्दै लामिछानेले बलात्कार गरेको जिकिर गर्नुभयो। भोलि लामिछानेका तर्फबाट बहस हुनेछ। सरकारी वकिल कार्यालयले लामिछानेविरुद्ध १७ वर्षीया किशोरीलाई बलात्कार गरेको आरोपमा यही कात्तिक १४ गते उक्त मुद्दा दायर गरिएको थियो।

सरकारी वकिल कार्यालयले दर्ता गरेको मुद्दामा लामिछानेलाई १० देखि १२ वर्षसम्म कैद सजाय हुनुपर्ने माग गरिएको छ। मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १८ को करणीसम्बन्धी कसुरको दफा २१९ को उपदफा (३)को देहाय (घ) अन्तर्गतको कसुर गरेको अभियोग लगाइएको छ। संहिताको दफा २१९ को उपदफा (३) देहाय (घ) मा १६ वर्षभन्दा बढी १८ वर्षभन्दा कम उमेरकी महिलालाई करणी गरेमा १० देखि १२ वर्षसम्म कैद सजाय हुने व्यवस्था छ।

लामिछानेले भने आफूविरुद्ध लागेको बलात्कार आरोप अस्वीकार गर्दै आफू निर्दोष रहेको र बलात्कार नगरेको बयान दिएका छन् भने पीडितले आफूमाथि बलात्कार भएको बयान दिएकी छिन्। लामिछानेविरुद्ध नाबालिकमाथि जबर्जस्ती करणी गरेको आरोपमा जाहेरी परेपछि उनलाई न्यायिक हिरासतमा राखिएको छ। प्रहरीले गत असोज २० गते उनलाई अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रक्राउ गरेको थियो।

### सरकारलाई आयोगको ...

क्रममा नियुक्त गरिएका वा खटाइएका वा तोकिएका वा आयोगको निर्देशन, आदेश पालना गर्नुपर्ने कर्तव्य भएका कुनै निजामती वा प्रदेश वा स्थानीय तह वा अन्य सरकारी निकायका कर्मचारी वा सुरक्षाकर्मीले प्रचलित कानून वा आयोगको आदेश वा निर्देद्धशनको जानाजानी उल्लङ्घन हुने गरी वा बदनियतले कुनै काम कारबाही गरेमा वा निर्वाचनको निष्पक्षतामा असर पर्ने काम गरेमा आयोगले त्यस्तो कर्मचारी, सुरक्षाकर्मीउपर निजको सेवा शर्तसम्बन्धी प्रचलित कानूनबमोजिम अख्तियारवालाको अधिकार प्रयोग गरी विभागीय कारबाही गर्नसक्ने व्यवस्था गर्न आयोगले निर्देशन दिएको छ।

# एक सय वटा मतदान केन्द्रलाई अपाङमैत्री बनाइने

काठमाडौँ, १६ कात्तिक (रासस)।
निर्वाचन आयोगले एक सय मतदान केन्द्रलाई अपाङ्गमैत्री मतदान केन्द्र बनाउने निर्णय गरेको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार आयोगले बुधबार उक्त निर्णय गरेको हो। आयोगको निर्णयानुसार उक्त मतदान केन्द्रमा साङ्केतिक भाषा सूची, मतदान केन्द्रमा खटिने कर्मचारीलाई साङ्केतिक भाषा प्रयोगसम्बन्धी अभिमुखीकरण गरिनेछ।

त्यस्तै, मतदान गर्ने तरिकासम्बन्धी ब्रेल सामग्री, रङ्गीचङ्गी डोरी तथा पोल, र्याम्प निर्माण, ह्विलचेयर प्रवेश गर्नसक्ने मतदान केन्द्र निर्माण, अपाङ्गता भएका व्यक्तिका लागि टेबुल तथा कुर्सीको व्यवस्था गरिने आयोगले जनाएको छ।

### भतिजाले काकाको ...

मिनेट पछी फर्किदा मोटरसाईकल चोरी भईसकेको थियो।

बुवा माथी भएको कुटपिटको पिडा छदै थियो, बरुणले भने-मोटरसाईकल चोरिदा पिडा झन थपिएको छ।” डिएसपी सिहले मोटरसाईकल चोरीको घटनाबारे पनि अनुसन्धान थालिएको बताए। उनले मुल गेटको बाहिरी क्षेत्रमा सिसी क्यामरा जडान नभएकाले समस्या भएको बताउँदै अन्य विधी प्रयोग गरी अनुन्धान अघि बढाइएको जनाएका छन्।


जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं।

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

शहर तथा गाउँ स्वच्छ र सफा राखौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
iPay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*